चन्दननाथ नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

खलङ्गा बजार, जुम्ला

प पं २०८२।८३

च नं

मिति २०८३।०२।०१

## प्रथम पटक सूचना प्रकाशन मिति २०८३।०२।०१

चन्दननाथ नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार, भौतिक सुदृढीकरण र उत्कृष्टता कायम राख्नका लागि यस नगरपालिकाको वित्तीय समानिकरण बजेट अन्तर्गत आ व २०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **"शैक्षिक उन्नयन तथा विद्यालय गुणस्तर व्यवस्थापन अनुदान"** अन्तर्गत रु ५ लाख बजेट प्रदान गर्नुपर्ने भएकाले योग्यता पुगेका विद्यालयहरूबाट यो प्रस्ताव आह्वान गरिन्छ।

### १. प्रस्ताव पेश गर्नुपर्ने क्षेत्रहरु (cope of Work):

प्रस्ताव पेश गर्दा विद्यालयले निम्न मध्ये एक वा बढी क्षेत्रमा केन्द्रित भई योजना बनाउनुपर्नेछ:

- उच्च विद्यार्थी चाप व्यवस्थापन र सिकाइ वातावरण सुधार।
- शैक्षिक नतिजाको दिगोपना र डिजिटल शिक्षण पद्धति ।
- ऐतिहासिक पहिचानको संरक्षण र विद्यालयको भौतिक पूर्वाधार स्तरोन्नति।
- डिजिटलाइजेशन विद्यालयको अवधारणा र विकास।

### २. विद्यालयको न्यूनतम योग्यता ( Eligibility Criteria )

अनुदानका लागि प्रस्ताव पेश गर्ने विद्यालयले निम्न शर्तहरू पूरा गरेको हुनुपर्नेछ:

- हालसम्म विद्यालयले गरेका कार्यहरुको स्पष्ट विवरण।
- पछिल्लो ३ वर्षको औसत विद्यार्थी संख्या [**न्यूनतम संख्या**[ भन्दा बढी भएको।
- विगत ३ वर्षमा SEE को नतिजामा जिल्ला वा पालिकास्तरमा उत्कृष्ट स्थान हासिल गरेको। (द्वितीय/प्रथम)
- नेपाल सरकार, प्रदेश सरकार, तथा स्थानीय सरकारबाट नमूना विद्यालयको रुपमा छनौट भइ उत्कृष्ट कार्य सम्पादन सूचक कायम गरेको।
- चन्दननाथ नगरपालिकाद्वरा संचालित कक्षा ८ को परीक्षामा विगत ३ बर्ष यताको नतिजामा उत्कृष्ठता हासिल गरेको विद्यालय।

### ३ ) प्रस्तावमा संलग्न राख्नु पर्ने कागजातहरु

- विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि।

जयानन्द [illegible]

प्रमुख शिक्षा अधिकृत

- विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि ।
- विस्तृत कार्ययोजना र अनुमानित बजेट
- पछिल्लो ३ वर्षको विद्यार्थी संख्या र शैक्षिक नतिजाको प्रमाणित विवरण।
- कम्तिमा दुई हजार शब्दमा विद्यालयको संक्षिप्त इतिहास एवम हालसम्मका उपलब्धिहरू र भावि कार्ययोजना ।

**४) छनोटको आधार .Selection Basis):**

प्राप्त प्रस्तावहरूलाई निम्न आधारमा मूल्याङ्कन गरी बढी अङ्क प्राप्त गर्ने विद्यालयलाई अनुदानका लागि छनोट गरिनेछ:

- **पुरानो विद्यालय र ऐतिहासिक योगदान**
- **विद्यार्थी संख्या र समावेशी सहभागिता**
- शैक्षिक नतिजा (SEE तथा कक्षा ८)
- **प्रस्तावको सान्दर्भिकता र दिगोपना**
- **कार्ययोजना**
- **नमूना विद्यालयको कार्य सम्पादन सूचकमा सफल**

**५ . प्रस्तावना बुझाउने अन्तिम मिति र स्थान**

यो सूचना प्रकाशित भएको मितिले **१५ दिन (पन्ध्र)** भित्र कार्यालय समयमा चन्दननाथ नरपालिका जुम्लाको शिक्षा युवा तथा खेलकुद शाखामा रीतपूर्वकको प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ।

खडानन्द चौलागाई
प्रमुख शिक्षा अधिकृत

नवराज जैसी
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री सूचना प्रविधि शाखा – कार्यालयको वेभ साइटमा राखिदिनु हुन ।

CamScanner